**Soaltee Hotel Limited**

★ ★ ★ ★ ★

# सोल्टी होटल लिमिटेडको ४५औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(दोश्रो पटक प्रकाशित, पहिलो पटक मिति २०७६ मंसिर २४ गतेको कान्तिपुर दैनिकमा प्रकाशित)

श्री शेयरधनी महानुभाव,

मिति २०७६ मंसिर ०२ गते (१८ नोभेम्बर २०१९) सोमबारका दिन बसेको यस सोल्टी होटल लिमिटेड (कम्पनी) को सञ्चालक समितिको २२६औं बैठकको निर्णय अनुसार यस कम्पनीको ४५औं वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा निम्नलिखित विषयहरु उपर छलफल तथा निणर्य गर्न बस्ने भएको हुंदा शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **सभा हुने मिति, समय र स्थानः**

मितिः २०७६ साल पौष २४ गते तद्नुसार ९ जनवरी २०२०, विहिबारका दिन ।

समयः बिहान ११:०० बजे ।

स्थानः नेपाल प्रज्ञा भवन प्रेक्षालय, कमलादी, काठमाडौं ।

२. **छलफलका विषयहरुः**

(क) सामान्य प्रस्ताव

१. आर्थिक वर्ष २०७५/०७६ (२०१८/१९) को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७५/०७६ (२०१८/१९) वाषिक आर्थिक विवरणहरु, (Financial Statements), २०७६ आषाढ मसान्तको वासलात (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण), नगद प्रवाह विवरण (नगद प्रवाहको विवरण), तथा ईक्वीटीमा भएको परिवर्तनको विवरण र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनी सोल्टी हस्पिटालिटी लि. र एच. आई. सोल्टी होटेल कम्पनी प्रा. लि. को आर्थिक वर्ष २०७५/०७६ (२०१८/१९) को वित्तीय विवरणहरु समावेश रहेको एकिकृत आर्थिक विवरणहरु, (Consolidated Financial Statements) उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चुक्ता पुँजीको ११.३१५७८९४७ प्रतिशतका दरले नगद लाभांश प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. कम्पनीको लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आर्थिक वर्ष २०७६/७७ (२०१९/२०) को लागि कम्पनीको बैधानिक लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

(ख) विशेष प्रस्ताव

५. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई १५ (पन्ध्र प्रतिशत) का दरले अर्थात कम्पनीको प्रत्येक २० कित्ता चुक्ता शेयर बराबर ३ (तीन) कित्ताका दरले बोनस शेयर वितरण गर्ने विशेष प्रस्ताव र सोहि अनुसार लिन मन्जुर तथा चुक्ता पूंजी बृद्धि गर्न स्वीकृति प्रदान गर्ने ।

६. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको जारी पूंजी रु. ७५,००,००,०००/- (रुपैयां पचहत्तर करोड) प्रति शेयर रु. १०/- का दरको ७,५०,००० थान साधारण शेयरबाट बृद्धि गरी रु. १,००,००,००,०००/- (रुपैयां एक अर्ब मात्र) प्रति शेयर रु. १०/- का दरको १०,००,००,००० थान साधारण शेयर पुर्‍याउने शेयर पूंजी बृद्धि गर्ने विशेष प्रस्तावलाई स्विकृत गरी पारित गर्ने ।

७. कम्पनीको संचालक समितिबाट शेयर पूंजी बृद्धि गर्ने विशेष प्रस्ताव भए बमोजिम कम्पनीको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्न विशेष प्रस्ताव पारित गर्ने तथा यस सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बन्धीत अन्य नियमनकारी निकायबाट कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन, परिमार्जन वा समायोजन गर्न पर्ने भएमा सोका लागि संचालक समितिलाई अधिकार प्रदान गर्ने ।

(ग) विविध

८. विविधः अध्यक्षको अनुमति अनुसार ।

संचालक समितिको आज्ञाले
(लिल बहादुर खत्री)
कम्पनी सचिव

---

## ४५औं वार्षिक साधारण सभा सम्बन्धी जानकारी

१) ४५औं वार्षिक साधारण सभाको प्रयोजनको लागि कम्पनीको शेयर दाखिल खारेज दर्ता किताब बुधबार, २०७६ मंसिर २५ गते देखि, २०७६ पौष २४ गते, विहिबार (११ डिसेम्बर २०१९ देखि ०९ जनवरी २०२०) सम्म अर्थात ४५औं साधारण सभा सम्पन्न नभए सम्मका लागि बन्द रहनेछ । यस सम्बन्धी सूचना मिति २०७६ मंसिर ६ गते शुक्रबारको (२२ नोभेम्बर २०१९) अभियान राष्ट्रिय आर्थिक दैनिकमा प्रकाशित भई सकेको समेत जानकारी अनुरोध छ ।

२) ४५औं बार्षिक साधारण सभाको सूचना सहितको संक्षिप्त आर्थिक विवरण २०७५/७६ शेयरधनी महानुभावहरुलाई शेयरधनी लगतमा कायम रहेको ठेगानामा हुलाक तथा कुरियर सेवा मार्फत प्रेषित गरिने छ । साथै साधारण सभाको सूचना र वित्तीय विवरणहरु सहितको ४५औं वार्षिक प्रतिवेदन २०७५/७६ यस कम्पनीको वेबसाईट **Website: http://www.soalteehotel.com** मा हेर्न सकिने छ ।

३) छलफलको विषय अन्तर्गत विविध शीर्षकको सम्बन्धमा शेयरधनी महानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सम्बन्धित विषय खुलाई वार्षिक साधारण सभा हुनुभन्दा ७ दिन अगावै अर्थात २०७६ पौष १८ (३ जनवरी २०२०) गते शुक्रबार सम्म कम्पनी सचिव मार्फत यस कम्पनीका कार्यकारी अध्यक्षलाई लिखित जानकारी दिनु पर्नेछ । तर, यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

४) शेयरधनी महानुभावहरुलाई संक्षिप्त वार्षिक प्रतिबेदन संगै संलग्न रहेको प्रवेश-पत्र वा सक्कल शेयर प्रमाण पत्र वा डिम्याट हितग्राही खाताको विवरण (डिम्याट एकाउण्ट नम्बर) सहित आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको प्रमाण पत्र) अनिवार्य रुपमा प्रस्तुत गरी सभा स्थलमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गरेपछि मात्र सभा कक्ष भित्र प्रवेश गर्न दिइनेछ । सभा हुने समय बिहान ११:०० बजे भन्दा आधा घण्टा अगावै सभा कक्षमा उपस्थित भई दिनुहुन सबै शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ । शेयरधनी उपस्थिति पुस्तिका, शेयरधनीहरुको हाजिरी दस्तखतका लागि बिहान ९:३० बजे देखि सभा सम्पन्न नभए सम्म खुल्ला रहनेछ ।

५) साधारण सभामा भाग लिनको लागि प्रतिनिधि पठाउन चाहने शेयरधनीहरुले कम्पनीको कायम अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सो प्रतिनिधि नियुक्त पत्र, सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्ट्रर्ड कार्यालय, ताहाचलमा दर्ता गरी सक्नु पर्नेछ । प्रतिनिधि नियुक्त गर्ने शेयरधनी स्वंय सभामा उपस्थित भएमा आफूले नियुक्त गरेको प्रतिनिधि रद्द गरे पछि मात्र निज स्वंयले सभामा भाग लिन र मतदान गर्न पाउनेछ । संगठित संस्थाको प्रतिनिधि पत्रमा सम्बन्धित संस्थाको छाप सहित आधिकारिक व्यक्तिले दस्तखत गरेको हुनु पर्दछ ।

६) सभाको सुरक्षा व्यवस्थालाई ध्यानमा राखी सभा स्थलमा खटिएका सुरक्षाकर्मीहरुलाई आवश्यक सहयोग पुर्‍याउन अनुरोध गरिन्छ । शेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा कुनै किसिमका झोला, ब्याग, प्याकेट आदि जस्ता बस्तुहरु ल्याउन पाइने छैन ।

७) शेयरधनीहरुलाई कम्पनीको ४५औं बार्षिक साधारण सभा सम्बन्धी थप अन्य जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको प्रधान कार्यालय सोल्टी होटेल परिसर, ताहाचल, काठमाडौंमा सोमबार देखि शुक्रबार सम्म बिहान १०:०० बजे देखी अपरान्ह ४:०० बजे सम्म (दिउँसो १:०० देखि २:०० बजे बाहेक) सम्पर्क राख्न सक्नु हुनेछ ।

---

नोटः साधारण सभा सम्वन्धी सूचना, सभा सम्बन्धी सामान्य जानकारीहरु तथा कम्पनीको आर्थिक वर्ष २०७५/७६ का संक्षिप्त आर्थिक विवरणहरु सहित अन्य जानकारी समावेश रहेको सूचना मिति २०७६ मंसिर २४ गते (10 December 2019) राष्ट्रिय दैनिक पत्रिका कान्तिपुरमा प्रकाशित गरिएको हुंदा सो समेत हेर्नुहुन हार्दिक अनुरोध छ ।

साथै सभा सम्बन्धी सूचना, सामान्य जानकारीहरु तथा कम्पनीको आर्थिक वर्ष २०७५/७६ का आर्थिक विवरणहरु यस कम्पनीको माथि उल्लेखित वेबसाईटमा समेत उपलबध रहेको जानकारी गराउँदछौं ।